# फाल्गुनन्द गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

फाक्ताङलुङ, पाँचथर
कोशी प्रदेश, नेपाल

**तहवृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना।**

प्रकाशित मिति:-२०८२/०२/२१

प्रस्तुत विषयमा यस गाँउपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेशबाट जारी भएको स्थानिय सरकारी सेवा (गठन तथा संचालन) ऐन २०८० को दफा २७ बमोजिमको छैटौं र आठौं तहमा तहवृद्धि गर्ने प्रयोजनका लागी योग्यता पुगेका स्थायी कर्मचारीहरुले फाल्गुनन्द गाउँपालिकाको स्थानिय सेवाका कर्मचारीहरुको तह बृद्धि सम्बन्धि कार्यविधि २०८१ बमोजिम यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र आवश्यक कागजातहरु सहित यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न गर्नुपर्ने कागजपत्रहरुः-**

१. कार्यविधिको अनुसुची १ बमोजिमको निवेदन पत्र,

२. स्थायी नियुक्ति/बढुवा/तहवृद्धिको पत्र,

३. समायोजन हुनेको हकमा समायोजन पत्र,

४. विभागीय सजाय नभएको,निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र ।

देवी तुम्बापो
प्रमुख प्रशासकीय अधिकृत

देवी तुम्बापो
प्रमुख प्रशासकीय अधिकृत